# रामधुनी नगरपालिकाको धार्मिक, साँस्कृतिक, साहित्यिक, ऐतिहाँसिक, प्राकृतिक तथा पर्यटकीय स्थलहरुको संरक्षण, सम्वर्द्धन र विकासको कार्ययोजना तयार गर्नका लागि प्राविधिक सेवा उपलब्ध गराउने कार्य क्षेत्रगत शर्तहरु (टर्म्स अफ रेफरेन्स) **TOR**

## १. पृष्ठभूमि

रामधुनी नगरपालिकाका विभिन्न स्थानमा रहेका धार्मिक पर्यटन, साहित्यिक पर्यटन, ऐतिहासिक पर्यटन, सांस्कृतिक पर्यटन, प्राकृतिक पर्यटन, कृषि तथा खेल लगायतका अन्य पर्यटन क्षेत्रको विशेष महत्व रहेको छ । विभिन्न कालखण्डमा ऋषिमुनिहरुले तपस्या गरेका स्थानहरुको ऐतिहासिक तथा धार्मिक महत्व छ भने सिमसार क्षेत्र, तालतलैया, बन जंगल र खोलानालाहरुको प्राकृतिक महत्व छ । त्यसै गरी विभिन्न जातजातिहरुको संस्कृतिले त्यो क्षेत्रको आकर्षण र पर्यटकीय सम्भावना बढाएको छ । तर यी सम्भावनाहरु हुँदाहँदै पनि स्पष्ट कार्ययोजना, आवश्यक पूर्वाधार, स्थानीय स्तरमा उद्यमशीलता र निजी क्षेत्रको लगानीको अभावले गर्दा ती क्षेत्रहरुमा आशातीत विकास हुन सकेको छैन । हाल यस क्षेत्रको समग्र विकासका लागि योजनाबद्ध ढंगले अगाडि बढनु पर्छ र केन्द्रीय तथा स्थानीय स्तरमा उपलब्ध साधन र स्रोतलाई उक्त योजना अनुसार सदुपयोग गरी रामधुनीलाई पुर्वाञ्चलको एक उत्कृष्ट पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न सकिन्छ भन्ने विश्वास राजनीतिक दल लगायत सवै सरोकारवाला पक्षको भएकोले रामधुनी नगरपालिकाले संयुक्त रुपमा योजना तर्जुमा गर्ने सोंच बनाएको छ । र सोहि अनुसार रामधुनी नगरपालिकाको मिति २०७४।०९।२९ गतेको बोर्ड बैठक वाट निर्णयभए अनुसार उक्त योजना तयार पार्न प्राविधिक सेवा उपलब्ध गराउने कार्य क्षेत्रगत शर्तहरु टर्म्स अफ रेफरेन्स (TOR) तयार गरिएकोछ ।

## २. उद्देश्यः

परामर्श सेवाको मुख्य उद्देश्य रामधुनी नगरपालिकाको धार्मिक, साँस्कृतिक, साहित्यिक, ऐतिहाँसिक, प्राकृतिक तथा पर्यटकीय स्थलहरुको संरक्षण, सम्वर्द्धन र विकासको लागि एकिकृत पर्यटन गुरु योजना बनाउने रहेको छ ।

## ३. कार्य क्षेत्रगत शर्तहरुः

१. तोकिएका स्थानहरुको स्थलगत भ्रमण गरी स्थान विशेषको महत्व, उपलब्ध स्रोत साधनको आँकलन तथा मूल्याङ्कन गरी सो स्थानमा के कस्ता भौतिक तथा सामाजिक पूर्वाधारको विकास गर्न सकिन्छ, त्यस्को नक्सा सहितको प्रस्ताव तयार गर्ने ।

२. तोकिएका स्थलहरुको एक आपसको सम्पर्क (लिंकेज) स्थापित गर्न यातायात र संचारको नेटवर्कको खाका तयार गरी नक्शा सहित पेश गर्ने ।

३. रामधुनी वडा नं. ४ स्थित रहेको रामधुनी मन्दिर र सो वरिपरिको वडा नं. २, ३, ४ र ८ मा रहेका विभिन्न सामुदायिक बन अन्तरगत पार्क, पिकनिक स्पोॅट लगायतका संरचनाहरुको नक्शा सहितको विस्तृत योजना तयार गर्ने ।

४. रामधुनी वडा नं. ७ मा रहेको इमानसिंह चेम्जोङ्ग पार्क ( रा.स. ताल) को नक्शा सहितको बिस्तृत योजना तयार गर्ने ।

५. रामधुनी वडा नं. ६ मा रहेको शंकरवेली सिमसार क्षेत्रको नक्शा सहितको बिस्तृत योजना तयार गर्ने ।

६. रामधुनी वडा नं. ७ मा रहेको जुडि सिमसार क्षेत्रको  नक्शा सहितको बिस्तृत योजना तयार गर्ने ।
७. रामधुनी वडा नं. ७ मा रहेको पंचायन धाम र पंचायन सिमसार क्षेत्र (प्रेम पार्क) को नक्सा सहितको बिस्तृत कार्ययोजना तयार गर्ने ।
८. रामधुनी वडा नं. १ स्थित रहेको भादगाउँ पोखरी, वडा नं. २ शिवनगर स्थित रहेको पुरानो पोखरी, वडा नं. ५ स्थित रहेको डंग्राहि पोखरी, वडा नं. ६ स्थित रहेको शिव सरोवर र पार्वती कुण्ड, वडा नं. ७ स्थित रहेको रानी पोखरी, वडा ८ स्थित रहेको डुम्राह पोखरी र वडा नं. ९ स्थित रहेको छप्की पोखरीको नक्सा सहितको बिस्तृत कार्ययोजना तयार गर्ने ।
९. रामधुनी नगरपालिकाको आदिवासि जनजाती र दलितहरुको सास्कृतीक संरक्षण तथा सम्भावित घरवास योजना तथा ईथिनिक भिलेज निर्माणको नक्सा सहितको विस्तृत कार्ययोजना तयार गर्ने ।
१०. माथि उल्लेखित योजना कार्यान्वयन गर्नका लागि आवश्यक रकमको अनुमान गरी त्यसको स्रोतको पहिचान गर्ने ।
११. माथि उल्लेखित योजना कार्यान्वयन पश्चायत यस वाट आर्थिक, सामाजिक, धार्मीक, सासंकृतिक तथा पर्यटकिय क्षेत्रमा पर्ने प्रभाव र प्राप्त हुने उपलब्धी पहिचान गर्ने ।

## ४. कार्य सम्पादन विधि

१. रामधुनी नगरपालिकाको प्रोफाइल, टोपोग्राफिकल नक्शा र संन्दर्भ सामग्रीको (राष्ट्रिय पर्यटन योजना, क्षेत्रीय स्तरका पर्यटन योजना र कार्ययोजनाहरु र कार्यक्रमहरु संकलन र अध्ययन गर्ने ।
२. तोकिएका स्थलहरुको भ्रमण गरी स्थानीय समुदायसँग अन्तरकृया गर्ने ।
३. जिल्ला समन्वय समिति, नगरपालिका, गाउँपालिका, राजनीतिक दल, गैरसरकारी संघ संस्था, स्थानीय सरोकार समूह र वुद्धिजीविसँग भेटघाट गरी सुझाव संकलन गर्ने ।
४. कुन स्थानमा के कस्ता भौतिक तथा सामाजिक पूर्वाधार उपलब्ध छन् त्यसको नक्शा तथा सूचि तयार गर्ने ।
५. उपलब्ध पूर्वाधारको लेखाजोखा गरी के कस्ता पूर्वाधारको विकास गर्नु पर्ने हो, त्यसको प्रस्ताव तयार गर्ने जसमा आवश्यक नक्शा डिजाइन तथा लागत इष्टिमेट समावेश हुनुपर्नेछ ।
६. कार्ययोजनाको खाकामा जिल्लास्तरमा सवै सरोकारवाला पक्षसँग बसी छलफल गर्ने र प्राप्त सुझावका आधारमा प्रतिवेदनलाई अन्तिम रुप दिई नगरपालिकामा पेश गर्ने ।

## ५. परामर्शदाता टोलीमा उपलब्ध हुनुपर्ने जनशक्तिः

-सहरी योजनाकार
-पर्यटन विज्ञ
-इतिहास तथा संस्कृति विद्
-भूगोल शास्त्री
-आर्किटेक्ट
-सिभिल इन्जिनियर
-ड्राप्टपर्सन
उपरोक्त प्राविधिक टोलीमा कम्तीमा ५ वर्षको अनुभव प्राप्त व्यक्ति हुनुपर्नेछ ।

## ६. समय सीमा

उक्त कार्यका लागि समय सीमा ३ महिना तोकिएको छ । परामर्श सेवा तोकिएको मितिसम्ममा सम्पन्न गरिसक्नुपर्नेछ ।

## ७. प्रतिबेदन पेश गर्ने विधिः

१. काम शुरु गरेको १५ दिनभित्र आफूले गर्ने काम र कार्य सम्पादन विधि, कार्य तालिका सहित आवश्यक पर्ने कागजात, सूचना जानकारी वा स्थानीय स्तरमा उपलब्ध गराउनु पर्ने सहयोगका बारेमा स्पष्ट उल्लेख भएको प्रारम्भिक प्रतिवेदन (इन्सेप्सन रिपोर्ट) पेश गर्ने ।
२. काम शुरु गरेको २ महिना भित्र मस्यौदा प्रतिबेदनको ३ प्रति पेश गर्ने । मस्यौदा प्रतिवेदनमा नक्शा र सो नक्शालाई व्याख्या गर्ने बुँदाहरु तथा विकास निर्माणका लागि आवश्यक लागत इष्टिमेट समावेश हुनुपर्नेछ ।
३. काम शुरु गरेको ३ महिनाभित्र मस्यौदा प्रतिवेदनमा प्राप्त सुझाव समावेश गरी अन्तिम प्रतिवेदन ३ प्रति पेश गर्नुपर्नेछ ।

नक्शा वाहेक सम्पूर्ण प्रतिवेदन संक्षिप्त रुपमा नेपाली र अग्रेजी दुवै भाषामा लेखिएको हुनुपर्नेछ ।

**<u>८. कार्ययोजनामा लिंकेजकोलाथि समावेश गर्नुपर्ने थप स्थलहरुः</u>**

रामधुनी नगरपालिका र आसपासका न.पा.तथा गा.पा.हरु धनकुटाको भेडेटार, सुनसरीको धरान उपमहा नगरपालिका, ईटहरी उप महानगरपालिका, ईनरुवा नगरपालिका, बराह नगरपालिका, दुहवी नगरपालिका, भोक्हा गाउँ पालिका, कोशी गाउँपालिका, गढि गाउँ पालिका, बर्जु गाउँपालिका भित्र पर्ने

- भेडेटार
- विजयपुर ( दण्तकली, बुढ्ढासुव्वा पिण्डेश्वर, पाञ्चकन्या )
- विष्णुपादुका
- बराहक्षेत्र
- चतरा मुक्तिधाम
- तालतलैया
- कोशी टप्पु बन्यजन्तु आरक्षण र कोशी नदि
- गिद्ध रेष्टोरेन्ट
- कोशी कटान क्षेत्र
- गढी वन क्षेत्र
- बर्जुताल तथा अन्य तोकिएका पर्यटकिय स्थानहरु

**<u>९. सेवा सम्वन्धी अन्य कुराहरुः</u>**

क. परामर्शदाता टोलीलाई आवश्यक पर्ने सूचनाहरु तथा सम्भव सम्वन्धित निकायले उपलब्ध गराउने छ र उपलब्ध हुन नसकेको अवस्थामा परामर्शदाताले आफैले खोजी गर्नुपर्ने हुन्छ ।
ख. कार्य सम्पादनका सिलसिलामा स्थानीय निकाय, समुदाय लगायत सवै सरोकारवाला निकाय तथा पक्षसँग अनिवार्य रुपमा छलफल गर्नुपर्नेछ ।
ग. परामर्शदाता टोलीले जिल्लास्तर, स्थानीयस्तरीय नक्शा सहितको (नयाँ पर्यटकीय स्थलहरुलाई के गर्ने र उक्त स्थलहरुको संक्षिप्त विवरण बनाउने आदि) तयार गर्नु पर्नेछ जुन कागज र डिजिटल रुपमा उपलब्ध गराउनु पर्नेछ ।
घ. परामर्शदाता टोलीको कार्यक्षेत्रगत शर्तहरु आवश्यकता अनुसार थपघट हुन सक्नेछ ।

रामधुनी नगरपालिका
झुम्का सुनसरी
सम्पर्क नं. ०२५-५६२००५
०२५-५६२५६६